बैठक संख्याः ९८

मिति २०८२ साल असोज ०२ गतेका दिन नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहायका निर्णयहरु गरिए ।

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किशोर कुमार लिम्बु | नगर प्रमुख | |
| २ | श्री गंगा देवी जोशी | नगर उप-प्रमुख | |
| ३ | श्री बिक्रम चन्द | वडा अध्यक्ष | |
| ४ | श्री पदम सिंह रावल | वडा अध्यक्ष | |
| ५ | श्री हरि सिंह धनाडी | वडा अध्यक्ष | |
| ६ | श्री भक्त बहादुर सुनार | वडा अध्यक्ष | |
| ७ | श्री केशव बहादुर खत्री | वडा अध्यक्ष | |
| ८ | श्री ओम बहादुर बस्नेत | वडा अध्यक्ष | |
| ९ | श्री ज्ञानेन्द्र बहादुर बहेक क्षेत्री | वडा अध्यक्ष | |
| १० | श्री ओम प्रकाश रोकाया | वडा अध्यक्ष | |
| ११ | श्री गोपीलाल कडेल | वडा अध्यक्ष | |
| १२ | श्री चन्द्र बहादुर सिंह | वडा अध्यक्ष | |
| १३ | श्री टिकाराम सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री मिना धामी | कार्यपालिका सदस्य | |
| १५ | श्री लक्ष्मी राना क्षेत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती सुनार | कार्यपालिका सदस्य | |
| १७ | श्री सेते सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री गिता मिजार कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री मानमती कुमारी भट्ट | कार्यपालिकाउ सदस्य | |
| २० | श्री बिन्दु मोर | कार्यपालिका सदस्य | |
| २१ | श्री गणेश दत्त मिश्र | प्रमुख प्रशासकीय अधिकृत | |

<u>निर्णय नं:१</u> मिति २०८२/०५/२४ गते Zen-Z को आन्दोलनका क्रममा यस कार्यालयका कम्प्युटर तथा प्रिन्टरहरु लगायतका सामाग्रीहरु जलेर नष्ट भएकोले कम्प्युटर तथा प्रिन्टर उपलब्ध गराई सहयोग गरिदिन हुन भनि जिल्ला प्रशासन कार्यालय कंचनपुरको च.नं. ८४८ मिति २०८२/०५/३१ गतेको पत्रानुसार माग भई आएकोले एक थान कम्प्युटर एक थान प्रिन्टर जिल्ला प्रशासन कार्यालय कंचनपुरलाई उपलब्ध गराउने निर्णय गरियो।

<u>निर्णय नं:२</u> मिति २०८२/०५/२९ गते Zen-Z समुहद्वारा यस दोधारा चाँदनीमा विभिन्न मागहरु राखि ज्ञापनपत्र दिनुभएकोले उक्त ज्ञापनपत्रमा उल्लेखित मागहरु कानुन बमोजिम सम्बोधन गर्ने र यस नगरपालिकाको कार्यपालिकाका बैठकहरु प्रत्यक्ष प्रशारण (Live) गर्न आवश्यक उपकरणहरुको व्यवस्थापन गरि आगामी बैठकबाट प्रशारण गर्ने निर्णय गरियो।

<u>निर्णय नं:३</u> मिति २०८२/०५/२४ गतेका दिन Zen-Z को आन्दोलनमा यस नगरपालिका र अन्तरगत रहेका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको पनि संलग्नता रहेको देखिएकोले निजहरुलाई कार्यपालिका आगामी बैठकमा बोलाई स्पष्टिकरण माग गर्ने र सोहि आधारमा कारवाहि गर्ने/नगर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

<u>निर्णय नं:४</u> यस नगरपालिकाबाट सडक उपभोग सेवा शुल्क उठाउने सम्बन्धमा मिति २०८२/०३/३० मा प्रकाशित सूचना बमोजिम सफल निर्माण सेवा भिमदत्त नगरपालिका वडा नं.०६ ले मु.अ.कर सहित रु.३३३३५००/- रकम कबोल गरेकोले उक्त फर्मलाई कबोल रकममा लाग्ने पुरै कर रकम र कबोल रकमको २० प्रतिसत रकम दाखिला गर्न लगाई बाकी ८० प्रतिसत कबोल रकम 'क' वर्गको वाणिज्य बैंकको जमानत लिई सो जमानतबाट व्यहोर्ने गरि बाकी रहने कबोल रकम मध्येको ४० प्रतिशत रकम चालु आ.व.को फाल्गुन मसान्त भित्र तथा अन्तिम ४० प्रतिसत रकम चालु आ.व.को जेष्ठ मसान्त भित्रसम्म दाखिला गर्ने व्यवस्था गरी उक्त फर्म संग ठेक्का सम्झौता गर्ने निर्णय गरियो।

<u>निर्णय नं:५</u> यस दोधारा चाँदनी नगरपालिकाको वडा नं.१० मा संचालित नगर स्वास्थ्य केन्द्रलाई आधारभुत स्वास्थ्य सेवा केन्द्रमा स्तरोन्नती गरी आधारभुत स्वास्थ्य सेवा केन्द्रको आवधारणा तथा मापदण्ड मनासिबको सेवा प्रवाह गर्ने नर्णय गरियो।

<u>निर्णय नं:६</u> नेपाल स्थित भारतिय राजदुतावासबाट यस नगरपालिकालाई प्राप्त एक थान एम्बुलेन्स आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं.१० को नाममा दर्ता गर्न सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

<u>निर्णय नं:७</u> यस नगरपालिकामा गतविगत देखि दैनिक ज्यालादारीमा हाल सम्म कार्यरत कर्मचारीहरुलाई यस आ.व.२०८२/०८३ मा पनि निरन्तरता दिई मिति २०८२/०४/०१ गते देखि लागु हुने गरि दैनिक ज्यालादारीमा कामकाजमा लगाउने र दैनिक ज्याला बापतको रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

<u>निर्णय नं:८</u> यस नगरपालिकाको कवाडि रकम संकलन सम्बन्धि ठेक्का हाल प्रक्रियामा रहेकोले हाल सम्म उठेको रकम नगरपालिकाको राजश्व संकलन केन्द्र जम्मा गर्न लगाउने र ठेक्का नलागुन्जेल सम्म कवाडि बापतको रकम नगरपालिकाको राजश्व संकलन केन्द्र मार्फत नगर प्रहरीद्वारा संलकन गर्ने निर्णय गरियो।

<u>निर्णय नं:९</u> मालिका आ.वि.मा कार्यरत शिक्षक मनिषा कोलीको तलब भत्ता हाललाई निजि स्रोत शिक्षक शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

<u>निर्णय नं:१०</u> यस नगरपालिकाको वडा नं.०२ कालिका टोलमा कजवे निर्माण गर्ने साथै तपसिल बमोजिमका ह्युमपाईप खरिद गर्ने सो बापतको लाग्ने रकम विपद व्यवस्थापन कोष शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

तपसिलः

१. ह्युमपाईप ९०० एम.एम.- ३ थान
२. ह्युमपाईप ६०० एम.एम.- ३ थान
३. ह्युमपाईप ३०० एम.एम.- ३ थान
४. वडा नं.०५ का लागि रु.३००००/- बराबरको जस्तापाता खरिद गर्ने।

निर्णय नं:११ स्वास्थ्य संस्था/अस्पतालमा कार्यरत तपसिलका कर्मचारीहरुको खाईपाई आएको तलबमा रु.३०००/-का दरले थप गर्ने निर्णय गरियो।

तपसिलः

१. दुरपाल सिह राना मगर - एम्बुलेन्स चालक
२. करन सिह भण्डारी - एम्बुलेन्स चालक
३. मिन बहादुर खडका - एम्बुलेन्स चालक

निर्णय नं:१२ यस नगरपालिका वडा नं.०३ मा रहेको श्री जमुना प्रा.वि.को भवनको छाना माथि रंगरोगन गर्न रु.३००००/- रकम मिलान कोष शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं:१३ इलाका प्रहरी कार्यालय दोधारा चाँदनीका लागि विनियोजित ईन्धन बापतको रकम शिर्षकबाट झोलुङ्गे पुल प्रहरी चौकी र बावाथान प्रहरी चौकीलाई प्रति चौकी रु.१२५००/-का दरले हुन आउने ईन्धन दिने निर्णय गरियो।